# युग परिवर्तन

साप्ताहिक

Yuga Parivartan Weekly वर्ष १, अंक १, २०६५ साउन २६, आइतबार Aug. 10, 2008 मूल्य : रू. ५।



**धनकुटा जाऔं आन्तरिक पर्यटनको विकास गरौं**

कृषि, पर्यटन, उद्योग र व्यापार समुन्नत धनकुटाको आर्थिक विकासको आधार

नाराकासाथ असोज १ गतेदेखि १३ गतेसम्म हुन गैर हेको दोस्रो धनकुटा महोत्सव भव्यताकासाथ सफल पारौं।

आयोजक

**धनकुटा उद्योग वाणिज्य संघ**

धनकुटा


## प्रकाशकीय

*अहिलेको युग सूचना र प्रविधिको युग हो । सूचना, प्रविधि र सञ्चार जस्तो भरपर्दो आधुनिक माध्यमबाट विमुख आमनागरिकलाई विश्वसनीय र तथ्यपरक सूचना प्रवाह गरी सामाजिक, साँस्कृतिक, आर्थिक र राजनीतिक प्रकृयामा उनीहरुको सहभागिता तथा राज्यको शक्ति, श्रोत, साधन र अवसरमा पिछडिएको वर्ग, क्षेत्र र समुदायको पँहुच वृद्धि गर्दै मुलुकको समग्र विकासमा योगदान पुऱ्याउने उद्देश्यका साथ यो संस्थाको स्थापना भएको हो ।*

*परिवर्तन सञ्चार मञ्च एक सञ्चारकर्मीहरुको साझा संस्था हो । मञ्चले समाजमा दिनहुँजसो हुने गरेका सामाजिक जनचासोका विषयलाई आमसञ्चार माध्यमबाट प्रकाशित, प्रशारित गर्ने र आमचासोका विषयमा नागरिकलाई जानकारी दिनुका साथैं त्यसको लागि राज्यको निकाय, सम्बन्धित सरोकारवालाहरु समक्ष उनीहरुको सवाललाई पुऱ्याउने र समस्या समाधानको लागि पहल गर्नेछ । यसका लागि मञ्चले आमसञ्चारका छापा माध्यम, विद्युतीय माध्यम र अनलाईन सेवा सञ्चालन गर्ने लक्ष्य लिएको छ । फलस्वरुप हाल छापा माध्यम अन्तरगत युग परिवर्तन साप्ताहिकको प्रकाशन आरम्भ गरेको छ । अनलाईन सेवा सञ्चालन गरेको छ भने निकट भविष्यमैं यसले विद्युतीय सञ्चारको सुरुवात गर्ने लक्ष्य लिएको छ ।*

*अन्तमा,*

*आवाजविहीनहरुको आवाज बुलन्द गर्ने अठोटका साथ तपाईं पाठक समक्ष साप्ताहिक रुपमा हरेक आईतबार आउने बाचा गर्दछौं । हाम्रो यो यात्रालाई सफल बनाउनमा यहाँको महत्वपूर्ण भूमिका रहनेछ । त्यसका लागि तपाई पाठकबाट निरन्तर रुपमा आवश्यक सल्लाह, सुझाव र प्रतिकृयाको अपेक्षा राख्दछौं ।*

# प्रधानमन्त्रीको चयन संविधानसभाबाट

काठमाडौं/राष्ट्रिय सहमतिको सरकार बन्न नकसेपछि राष्ट्रपति डा.रामवरण यादवले निर्वाचन प्रक्रियाबाट प्रधानमन्त्री चयन गर्न संविधानसभालाई आह्वान गरेका छन् । ठूलो दलको हैसियतले सरकार गठन गर्न माओवादीलाई दिएको १० दिनको समयावधि सकिए लगत्तै राष्ट्रपति यादवले प्रधानमन्त्री चयन गर्न संविधानसभालाई आह्वान गरेका हुन् ।

राष्ट्रपति यादवले सरकार गठन गर्न साउन १४ गते दिएको समयावधि सकिएपछि पुनः तीन दिनको म्याद दिएका थिए । दुईपटक म्याद दिदा पनि राष्ट्रिय सहमतिको सरकार बन्न नसकेपछि प्रधानमन्त्री चयनका लागि संविधानसभालाई जिम्मा दिइएको हो । सात दिनमा सहमतिको सरकार गठनमा दलीय अवरोध पुगेपछि माओवादीले नेपाली कांग्रेस, नेकपा एमाले र मधेसी जनअधिकार फोरमको समर्थनमा थप तीन दिनको समय मागेको थियो ।

राष्ट्रपतिको सहमतिको राष्ट्रिय सरकार गठन दलहरूवीच मन्त्रालय बाडफाडमा टुङ्गो र सरकार गठन हुन नसकेपछि संविधानको धारा ३८ (२) बमोजिम बहुमतको आधारमा प्रधानमन्त्री चयन गर्न संविधानसभाको बाटो रोकिएको हो । धारा ३८ (२) मा संविधानसभामा तत्काल कायम सदस्यको बहुमतले प्रधानमन्त्रीको व्यवस्था गर्ने र संविधानसभा नियमावलीमा प्रधानमन्त्रीको निर्वाचन मत विभाजन प्रक्रियाद्वारा गरिने उल्लेख गरिएको छ ।

राष्ट्रपतिको आह्वानले प्रधानमन्त्री चयनसगै नयाा सरकार गठन प्रक्रियाको बाटो थप खुल्ला गरे पनि दलहरूको सहकार्यमा अवरोध पुग्ने बाटो पनि खुलेको छ । राष्ट्रपतिको निर्वाचनमा सहमति बन्न नसक्दा भएको निर्वाचनले केहि दिनसम्म दलहरूबीच पानी बाराबारकोस्थिति उत्पन्न भएको थियो । माओवादी एमालेबीच भएको सहमतिमा राष्ट्रपति एमालेले पाउने भनिए पनि दुई दलबीच उत्पन्न असमझदारीले राष्ट्रपतिको पद कांग्रेसको पोल्टामा पुग्न सफल भएको थियो । राष्ट्रपतिको निर्वाचनमा गैर आओवादी समीकरणले माओवादीलाई ठूलो घाटा पुऱ्यायो । यतिबेला सरकारको नेतृत्व गर्न जनताले नेकपा माओवादीलाई जनादेश दिएका छन् तर निर्वाचन प्रक्रियामा गए सरकारको नेतृत्व कसको पोल्टामा पुग्छ ? त्यो सजिलै भन्न सक्ने (बाँकी ८ पेजमा)

## सत्ता बाडफाडमा विवाद

*काठमाडौं/चार राजनीतिक दलहरुबीच महत्वपूर्ण तीन मन्त्रालय बाडफाडमा अझै सहमति बन्न सकेको छैन । सरकारको नेतृत्व नेकपा माओवादीले गर्ने भनिए पनि रक्षा, गृह र अर्थ मन्त्रालय बाडफाडमा दलहरुबीचमा तिव्र विवाद उत्पन्न भएको छ ।*

*सरकारको नेतृत्व माओवादीले गर्ने भएपछि रक्षा र गृह मन्त्रालय अरु दललाई दिन नसकिने बताउदै आएको छ । माओवादीको सो प्रस्तावमा काङ्ग्रेस, एमाले र फोरमले असहमति जनाएका छन् । काङ्ग्रेसले रक्षा र एमालेले गृह मन्त्रालय पाउनुपर्ने अडान राखेका छन् । चार दलबीच भौतिक योजना तथा निर्माण, स्थानीय विकास, कृषि जस्ता विकासे र शिक्षा, स्वास्थ्य र महिला, बालबालिका तथा समाज कल्याणजस्ता सामाजिक क्षेत्रका मन्त्रालय पनि सन्तुलित ढंगले बाड्नेबारे छलफल भएको छ । त्यसमा भने दलहरु सहमतिको नजिक पुगेका छन् । माओवादीले २२ मन्त्रालयमध्ये आठवटा आफूले राख्ने, काङ्ग्रेस र एमालेलाई चार/चार र फोरमलाई दुई तथा सरकारमा सामेल हुने साना दलहरुलाई भने एक/एक मन्त्रालय दिने प्रस्ताव गरेको थियो ।*

*तर काङ्ग्रेस, एमाले र फोरम तीनवटै पार्टीले एक/एक वटा थप मन्त्रालय पाउनुपर्ने जिकिर गरेका थिए । माओवादीले मन्त्रालय दिने भनेका साना दल कुन कुन हुन् भनेर उल्लेख गरेको थिएन ।*

*माओवादी नेता देव गुरुङ्गले सुरक्षा निकायसंग सम्बद्ध मन्त्रालय आफ्नो पार्टीले नछाड्ने अडान राख्दै मन्त्रालय बाडडफाडमा काङ्ग्रेसको द्वैध चरित्रका कारण सहमति नभएको दाबी गरे ।*

*काङ्ग्रेस उपसभापति रामचन्द्र पौडेलले माओवादी कुनै हातलमा रक्षा छाड्ने तयार नभएपछि सहमति नभएको दाबी गरे । रक्षा, गृह र अर्थको बाडफाडमा सहमति हुन नसकेको र सहमति शनिबार हुने* (बाँकी ८ पेजमा)

## प्रदिप नेपाललाई कारबाही हुने

काठमाडौं/चीनको बेइजिङमा भैरहेको ओलम्पिक खेलकुदमा नेपाली टोलीको प्रतिनिधित्व गर्दै नेकपा एमालेका स्थायी कमिटि सदस्य तथा राजीनामा दिइसकेका शिक्षा तथा खेलकुद मन्त्री प्रदिप नेपाललाई नेकपा एमालेले सम्भावित कारवाही गर्ने भएकोछ । पार्टीको निर्णयबिना चीनतर्फ प्रस्थान गरेका मन्त्री नेपाललाई नेपाल फर्किएपछि पार्टीले आवश्यक कार्य अगाडि बढाउने निर्णय गरेको नेकपा एमालेका स्थायी समिति सदस्य अमृतकुमार बोहोराले जानकारी दिएका छन् । निकै नै विवादास्पद बनेको उक्त टोलीको प्रतिनिधित्व गर्दै पूर्वमन्त्री नेपाल चीन तर्फ प्रस्थान गर्ने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा समेत खेलाडीहरुले रोक्ने असफल प्रयास गरेका थिए । नेकपा एमालेले राजीनामा दिएका (बाँकी ८ पेजमा)

## खम्बुवान स्वाशासित प्रदेशको माग

काठमाडौं/नेकपा (एकिकृत) खम्बुवानद्वारा स्वाशासित प्रदेशले शनिबार खम्बुवान राज्यको औचित्य र आधारहरु विषयक अनतरकृया कार्यक्रमको आयोज गरि जातीयताका आधारमा सात र भाषिक आधारमा चार क्षेत्रको प्रस्ताव अगाडि सारेकोछ । कुल ११ प्रदेशमा विभाजन गरि जाती, भाषा, लिंग, दलित, महिला, मधेसी, आदिवासी, उपेक्षित, उत्पीडित वर्गको हकहितका लागि राज्यको राज्यले विशेष कार्यक्रम बनाई अगाडि बढ्नु पर्ने प्रस्ताव उल्लेख गरेको छ ।

कार्यक्रममा सहगागि वक्ताहरुले दुइसय ४० वर्षसम्मको सामन्ती राज्यसत्ताले शोषित पिडित जनताका लागि उल्लेखीय कुनै काम (बाँकी ८ पेजमा)

## दलित आन्दोलनमा सांकेतिक पोशाक

काठमाडौं/युग परिवर्तन/परिवर्तन सञ्चार मञ्चले साउन १५ गते राजधानीमा एकीकृत दलित आन्दोलनमा सांकेतिक पोसाक सम्बन्धि छलफल कार्यक्रम सम्पन्न गऱ्यो ।

उक्त कार्यक्रममा दलित अधिकारमाथि संघसंस्थाको विभिन्न व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा सहभागिहरुकाबीच आपसी छलफल भयो । अब बन्ने नया संविधानमा दलित समुदायका हक अधिकारलाई संवैधानिक रुपमा सुनिश्चित गर्नमा दलित सभासद्हरुको महत्वपूर्ण भूमिका हुने छलफलका अधिकांश वक्ताहरुले बताएका छन् ।

कार्यक्रममा आन्दोलनमा सांकेतिक पोसाकले पनि महत्वपूर्ण भूमिका खेल्न सक्ने भएकाले उक्त कार्यक्रमको आयोजना (बाँकी ८ पेजमा)

## खाद्य संकट समाधानमा सार्क राष्ट्रहरू सहमत

काठमाडौं/सार्क शिखर सम्मेलनमा भाग लिन जान नदिन सत्तारुढ दलहरूबाटै षड्यन्त्रको घेरामा परेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सम्मेलनद्वारा जारी 'पार्टनरशिप फर ग्रोथर आवर पिपुल' शीर्षकको कोलम्बो घोषणा पत्रमा हास्ताक्षर गर्न सफल भएका छन् ।

नेपालका प्रथम राष्ट्रपति डा. रामवरण यादवद्वारा राजिनामा स्वीकृत गरिएका प्रधानमन्त्री कोइरालाले दलहरूको खिचातानीका कारण सरकार बन्न नसकेपछि सार्क शिखर सम्मेलनमा भाग लिने सौभाग्य पाएका हुन् । उनलाई सार्क शिखर सम्मेलनमा जानबाट रोक्न नेकपा माओवादी, एमाले लगायतका दलहरूले राजिनामा स्वीकृति भई सकेकाले सम्मेलनमा भाग लिन नहुने धारणा राखेका थिए । तर सम्मेलनको तयारी अन्तिम चरणमा पुगेकाले प्रमुख चारदलको सहमतिमा कोइराला कोलम्बो प्रस्थान गरेक थिए ।

राष्ट्रपति डा. यादव आलांकारिक मात्रै भएकोले सार्क शिखर सम्मेलनमा सहभागि बन्न नहुने भनिए पछि प्रधानमन्त्री कोइराला सम्मेलनमा सहभागी भएका थिए ।

श्रीलंकाको कोलम्बोमा सम्पन्न सम्मेलनले सार्क क्षेत्रलाई विश्वको अन्न भण्डार बनाउने खाद्य सुरक्षा नीति तयार पारेको छ । सार्क राष्ट्रहरूको खाद्य बैंकलाई सञ्चालनमा ल्याउने र सन् २०२० सम्ममा सार्क कृषि परिदृष्यसम्बन्धी खाका कोर्ने लक्ष्य लिएको छ । विश्वमा देखिएको दाद्यान्न संकट समाधान गर्न अल्पकालीन र मध्यकालीन क्षेत्रीय रणनीति आवश्यक भएको औल्याइएको छ । आगामी नोभेम्बरमा नया दिल्लीमा कृषि मन्त्रीस्तरीय बैठक हुने भएको छ ।

सो सार्क सम्मेलनमा सार्क विकास कोष वडापत्र, साफ्टामा अफगानिस्तानको पहुच, दक्षिण एशियाली क्षेत्रीय गुणस्तर निर्धारण सम्बन्धी संस्था स्थापना र आपराधिक घटना नियन्त्रण गर्न आपासी कानुनी सहयोग अभिसन्धी पनि पारित भएको छ । सो चार वटा क्षेत्रीय सम्झौतामा परराष्ट्रमन्त्रीहरूले हस्ताक्षर गरेका छन् । सार्क विकास कोषको सचिवालय भुटानमा रहने निश्चित पनि भएको छ । कोषको सामाजिक पूर्वाधारलाई प्रमुख प्राथमिकता दिइएको छ । गार्मेन्ट उद्योगमा काम गर्ने महिलाहरूको अध्ययन गर्ने र गार्मेन्टमा काम गर्ने महिलाहरूको सिथतिमा सुधार गर्न विभिन्न आयोजना सञ्चालन गरिने भएको छ । आगामी सार्क शिखर सम्मेलन माल्दिभ्सको राजधानी मालेमा हुनेछ । ■

## शोकमा डुब्यो पनौति



तस्वीर : शिवप्रसाद दाहाल

काभ्रे/अन्ततः साउन १६ गते साझपख पनौतीवासीले सुनेको कहालीलाग्दो दुर्घटनाको खबर १९ गते आफन्त र सर्वसाधारणले आफ्नै आखा अगाडि क्षतविक्षत लासहरूको अत्यासलाग्दो थुप्रो देखेपछि विश्वास गर्न बाध्य भए ।

पनौतीको सिरानचौरमा नेपाली सेनाको हेलिकप्टरले आइतबार विहान करिव ११:३० बजेतिर दुर्घटनाबाट मृत्यु भएका २३ जनाको शव निकालेर भूइमा राखेपछि आफन्त र सर्वसाधारणको भक्कानो फुटेको थियो । त्यो हृदयविदारक घटनाले उपस्थित सबैको आखाबाट बलिन्द्र आसुको धारा बगेको थियो ।

तीनहप्ता अघि तीर्थका लागि गएका आफन्तहरू घर फर्कन लागेको सुखद खबर सुनेको केही क्षणपछि नै अकल्पनीय दुर्घटनाको खबर सुनेपछि पनौतीबासी मात्र नभई राष्ट्र नै शोकाकुल बनेको थियो । भारतको उत्तराखण्डको बद्रीनाथको दर्शन गरेर फर्कने क्रममा चालकको नियन्त्रणभन्दा बाहिर गई चमौलीको अलकानन्द नदीमा बस दुर्घटना भएको थियो । अरनिको यातायातको बा.१ ख २३९१ नम्बरको उक्त यात्रु बस दिनको करिब ४ बजे दुर्घटना भएको थियो । घटनाबाट बच्न सफल घाईतेका अनुसार अत्यधिक वर्षाका कारण माथिबाट बाटोमा खसेको ढुङ्गा छलाउने क्रममा साघुरो बाटोमा बस चालकको नियन्त्रण बाहिर गई सडकबाट करिब एक सय मिटर तल नदीमा खसेको थियो । मृतक तथा घाइतेहरूलाई पनौतीबाट नै तीर्थको लागि गएको अर्को बसका तीर्थयात्रीहरूले उद्धार गरेका थिए । करिब ४० जना सवार रहेको उक्त दुर्घटनाग्रस्त बसका यात्रीहरूमध्ये पाचजनाको जीवितै उद्धार गरिएको र घटनामा २३ जनाको शव प्राप्त भएको थियो भने ११ जना नदी मै वेपत्ता भएको कुरा जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी निरीक्षक शेरबहादुर चन्दले बताएका छन. । उक्त घटनापछि पीडितहरूको अनुरोधपछि सरकारले मृतकहरूको शव पनौतीमा ल्याउने उल्लेखनीय सहयोग गरेको आफन्तहरूले बताएका छन् । घटना लगत्तै प्रहरी निरीक्षक सहतिको टोलीलाई घटनास्थलतिर (बाँकी ८ पेजमा)


**युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएको खुशी व्यक्ति गर्दै निरन्तर प्रकाशन र नया युगको आवाज बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।**

**कुबेर मर्चेन्ट वित्तीय संस्था लिमिटेड**

पो.ब. नं. : २४९७५, पुतलीसडक, काठमाडौं, नेपाल

फोन : ९७७ १ ४२३९७९७, ४२३९७९८

फ्याक्स : ९७७ १ ४२३९७९६

E-mail : kubermbsl@wlink.com.np

Website : www.kubermerchant.com.np

# क्' को मारमा शेरचन

काठमाडौं/आफ्नूलाई उपप्रधानमन्त्री बाउने कांग्रेसको गुन तिर्दा जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचनलाई वैधानिक मोर्चाबाटसमेत गलहत्याइएका छन्। यस अघि नै जनमोर्चा नेपालको माउ पार्टी नेकपा एकताकेन्द्र मसालले कु' गरी संसदीय दलको सचेतकबाट हटाएको थियो।

माओवादी जनयुद्ध चरमउत्कर्षमा पुग्न थालेपछि माओवादीका प्रवक्ता भैं मानिएका एकता केन्द्र मसालका महासचिव नारायणकाजी श्रेष्ठउर्फ प्रकाशले माओवादीकै सहायक संगठनका रुपमा कार्य गरिरहेका थिए। आफू भूमिगत भएको बताउदै विभिन्न राजदूतावास र भारतको चाकडीमा व्यस्त प्रकाशले शेरचनलाई कु' गरी गलहत्याए पछि जनमोर्चा दुई चिरा परेको छ।

वैधानिक मोर्चा खारेज गर्ने पक्षमा पुगेको प्रकाश पक्षधरले शेरचनलाई अध्यक्षबाट हटाएर तीन महिनाका लागि लिलामणि पोखरेललाई अध्यक्ष बनाएको छ। तीन महिनापछि शेरचनलाई पुनर्वहाली गराउने भनिए पनि शेरचन पक्षधर नया पार्टी गठन गर्ने मनस्थितिमा पुगेको छ। यद्यपी एकताकेन्द्र मसालले वैद्यानिक मोर्चा खारेज गरेर एकताकेन्द्र मसाललाई नै निर्वाचन आयोगमा दर्ता गर्ने बताएका कारण शेरचनले जनमोर्चा नेपालकै नाममा पार्टी चलाउन सक्ने बताइन्छ।

हुन त जनमोर्चालाई फुटाउन माओवादीको हात भएको बताउनेहरू पनि छन्। माओवादीभित्रको विवाद चुलिदै गएपछि जनमोर्चा नेपालका अध्यक्ष शेरचनलाई कारवाही गरिए पछि राजनीतिक वृत्तमा तहल्का मच्चिन थालेको छ। माओवादीसग पार्टी एकता गरी एकिकृत पार्टीको महासचिव बन्ने होडमा लागेका प्रकाशको सपना पुरा हुने सम्भावना बढ्दै गएको छ। प्रकाश पक्षधरले आधा केन्द्रिय सदस्यहरूलाई मात्रै माओवादीमा विलय गराउने शेरचन पक्षधरहरूले बताएका छन्।

प्रकाशको माओवादीमा प्रवेश लगत्तै माओवादीभित्र भुइचालो जाने बाम विश्लेषकहरू बताएका छन्। आफू शक्तिमा आउन प्रकाश संविधानसभाको सदस्य बनेको र माओवादीसग धेरै भाग माग्न लागि परेको बताइन्छ। माओवादी प्रवेश गर्ने अधिकांश केन्द्रिय सदस्यलाई माओवादीको केन्द्रिय सदस्य बनाउने खेलमा प्रकाशले दलाली गरिरहेको माओवादी स्रोतले बताएको छ।

राष्ट्रपतिनको निर्वाचनमा रामराजाप्रसाद सिंह भारतीय एजेण्ट भएको बताउदै आन्दोलनका सहकर्मी डा.रामवरण यादवका पक्षमा खुलेर लागेका शेरचनका बारेमा कांग्रेस मौन छ। यता चितवनबाट प्रत्यक्षतर्फबाट निर्वाचन जितेका शेरचनको सभासद खोस्न माओवादी सक्रिय भएको शेरचन पक्षधरले आरोप लगाएका छन्। खासगरी माओवादी सभासदद्वारा चित्रबहादुर श्रेष्ठ र नारायण दालहाको नेतृत्वमा चितवनवासीको हस्ताक्षर संकलन गर्न तलिलन भएर माओवादीको नाङ्गो नाच देखाई रहेको बताइन्छ। यसबाट माउ पार्टीले माओवादी प्रयोग गरेको चर्चासमेत चलेको छ।



गीत प्रसारण गरे वापत रोयल्टी दिनु पर्ने, राज्यले कलाकारको सम्मान गर्नुपर्ने लगायतका माग राख्दै प्रदर्शनमा उत्रेका कलाकारहरू ।

*तस्वीर : रामजी नेपाली*

## खम्बुवान स्वाशासित...

गर्न नसकेको धारणा व्यक्त गरेका थिए। सभासद् राधा तिमल्सिनाले संविधानसभा निर्वाचन पश्चात संघिय लोकतान्त्रिक गणतन्त्रमा विधिवत तरिकाले प्रवेश गरेता पनि नया नेपाल निर्माण गर्न र मुलुकलाई नयाा निर्माण गर्न र मुलुकलाई अग्रगामी दिसामा लैजान आर्थिक, सामाजिक, शैक्षिकका साथ साास्कृतिक क्षेत्रमा रुपान्तरण गर्नु पर्ने धारणा व्यक्त गर्नु भएको थियो। कार्यक्रम नेकपा एकिकृत खम्बुवान स्वाशासित प्रदेशको भातृ संगठन खोटाङ समपर्क मञ्चका अध्यक्ष धनकाजी राईले भोजपुर, खोटाङ, खोलुखुम्बु, ओखलढुङ्गा र संखुवासभालाई खम्बुवान स्वाशासित प्रदेशको रुपमा विकास गर्नु पर्ने बताएका थिए।

## प्रदिप नेपाललाई...

मन्त्री नेपालले ओलम्पिक टोलीको नेतृत्व गरी बेइजिङ गएको तरिका बेठिक भएको ठहर गरेको छ। एक स्थायी कमिटि सदस्यले दिएको जानकारी अनुसार उनीमाथि पार्टीले कारबाही गर्ने वा नगर्ने भन्ने विषय उनी नेपाल फर्किएपछि छलफल गरेर मात्र प्रकृया अगाडि बढाइने छ। संविधानसभाको निर्वाचनपछि गत बैशाख ४ गते राजीनामा दिएर मन्त्रालयसमेत नगएका नेपाल आइतबार ओलम्पिक टोलीको नेतृत्व गर्दै चीनको बेइजिङ गएका थिए। पार्टी श्रोतले दिएको जानकारी अनुसार उनलाई बेइजिङ पठाउने विषयमा पार्टीले कुनै पनि निर्णय नगरेको बताउछ।

## शोकमा डुब्यो...

पठाएर प्राप्त शवहरूलाई सनाखत गरि महेन्द्रनगरसम्म ट्रकमा र त्यहाबाट नेपाली सेनाको हेलिकप्टरले पनौती ल्याई आफन्तलाई जिम्मा लगाएईको थियो। हेलिकप्टरले ल्याएको २३ शवमध्ये चालक केशव थामीसहित १३ जनाको शव पहिचान गरिएको थियो। दुर्घटनाका कारण मृतकहरूको शव क्षतविक्षत भएका कारण आफन्तहरूलाई सनाखत गर्न धेरैबेर लागेको थियो। पहिचान भएका शवहरूलाई आइतबार नै हजारौं जनसमुदायले पनौती नगर परिक्रमा गराई त्रिवेणीघाटमा सामुहिक दाहसंस्कार गरिएको थियो। शव प्राप्त नभएको आफन्तहरूले कुशलाई शव मानी दाहसंस्कार गरेका थिए।

त्यति धेरै शवहरूलाई सामुहिक दाहसंस्कार गरेको पहिलोपटक देखेका उपस्थिति जनसमुदायको मन नराम्ररी कुडिएको थियो। १२ वर्ष अघि पनि गोसाइकुण्ड तीर्थ जाने क्रममा पनौती भेगका सात जनाको त्रिशुली नदीमा दुर्घटना हुदा ज्यान गएको स्थानीय बासिन्दाहरू स्मरण गर्दै थिए।

## दलित आन्दोलनमा...

गरिएको हो। त्यो खासगरि सभामा प्रतिनिधित्व गर्ने दलित सभासद्हरुलाई लक्षित गरि बनाउनुपर्ने कार्यक्रमको उद्देश्य रहेको थियो। यस पोशाकले देशमा छरिएर रहेका सम्पूर्ण दलितहरुलाई एकजुट गरि संयुक्त आवाज उठाउन सक्ने एउटा माध्यम बन्न सक्छ र सरोकारावाला,सामाजिक संघसंस्थासंग समन्वय गरि जनचेतना फैलाउनमा सहयोग पुऱ्याउने कार्यक्रमका सहभागिहरुले बताएका छन्।

कार्यक्रममा आवाज कलाकार नेपालका रामजी नेपालीले दलितहरुको अधिकारको सुनिश्चित गर्नमा सहयोगि भूमिका खेल्ने बताउदै यसले दलित आन्दोलनमा परिवर्तन ल्याउन सक्ने बताउनुभयो। त्यस्तै समानताका लागि सास्कृतिक अभियानका पुस्कर खातीले भित्रि परिवर्तित भावना विनाको पोशाकले मात्रै काम गर्न नसक्ने धारणा राख्नुभयो।

## प्रधानमन्त्रीको चयन...

अवस्था छैन। राष्ट्रपतीय निर्वाचन भैं गैर माओवादी समीकरण भएमा माओवादीलाई दोस्रो ठूलो चोट पुग्नेछ। सरकारको नेतृत्व गर्न नपाए प्रतिपक्षमा बस्ने माओवादीले बताईरहेको अवस्थामा माओवादी प्रतिपक्षमा बसे भावी सरकारलाई नया संविधान निर्माण गर्नु फलामको चिउरा बन्ने छ।

## सत्ता बाडफाडमा...

*भनिए पनि भागबण्डाका कारण सहमति हुन सकेन। एमाले प्रचार विभाग प्रमुख ईश्वर पोखरेलले दलहरुले आवश्यक लचकता अपनाउन नसकेकाले सहमति नबनेको बताउछन्। काङ्ग्रेस रक्षा मन्त्रालय नछाड्ने, माओवादीले दिन नमान्ने भएपछि सहमति हुन नसकको हो।*

## सूचना

**यस युग परिवर्तन साप्ताहिकका लागि जिल्ला प्रतिनिधिहरुको आवश्यकता परेकोले इच्छुक व्यक्तिहरुले सम्पर्क राख्नुहुन अनुरोध गर्दछौ।**

सम्पर्क
युग परिवर्तन साप्ताहिक
अनामनगर, काठमाडौं
मो. ९८५१०६७५३९, ९८०३६१४२०७
E-mail : yugparivartan@gmail.com

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

प्रो. रामजी नेपाली
**नासो म्युजिक प्रा.लि.**
पुतलीसडक, काठमाडौं
सम्पर्क : ९८४१४५७९४७

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

प्रो. रामजी अवाल
**नेपाली खाना र खाजा घर रेष्टुरेन्ट**
त्रिपुरेश्वर, काठमाडौं
फोन : ९८०३५०८६०१, ९८०३५४९८५८

**Remember us for : Nepali Dish, Khana & Khaja Set, Chatamari, Sekuwa Set, Pizza, Ice-Cream, Soup, Mo:Mo, Chowmien etc.**

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

प्रो. प्रितम गुरुङ
**रोधी डिजिटल रेकर्डिङ्ग स्टुडियो**
मित्रनगर, नयाँवसपार्क, काठमाडौं

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएकोमा खुशी व्यक्त गर्दै निरन्तर प्रकाशनका लागि हार्दिक शुभ कामना व्यक्त गर्दछु ।

प्रो. सुमन विष्ट
**डाईनामिक कम्प्युटर एण्ड डेक्सटप**
तरकारी बजार बागबजार, काठमाडौं
सम्पर्क : ०१ ४२३८२१७ मो. ९८४१५१९२०४

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएको खुशी व्यक्ति गर्दै निरन्तर प्रकाशन र नया युगको आवाज बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

शिशिर घिमिरे
अध्यक्ष
**मुगा एकता सेवा समाज परिवार**

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएको खुशी व्यक्ति गर्दै निरन्तर प्रकाशन र नया युगको आवाज बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

महेन्द्र पोखेल
प्रहरी नायव उपरिक्षक
**जिल्ला प्रहरी कार्यालय परिवार काभ्रे**

युग परिवर्तन साप्ताहिक पत्रिका प्रकाशन प्रारम्भ भएको खुशी व्यक्ति गर्दै निरन्तर प्रकाशन र नया युगको आवाज बन्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु ।

प्रो. युवराज दर्नाल
**सिजन टेलरिङ्ग सेन्टर**
**लोकतान्त्रिक चोक, बेनीबजार, म्याग्दी**
**सम्पर्क : ९८४७६२०४६३**

## हार्दिक शुभ कामना



महामहिम राष्ट्रपति
डा. रामवरण यादव

"लोकतान्त्रिक गणतन्त्र नेपाल" को प्रथम राष्ट्रपति जस्तो सर्वोच्च तथा गरिमायम पदमा आसिन हुनुपुग्नु भएकोमा वहाको कार्यकालमा राष्ट्र निर्माण र शान्ति सु व्यवस्था रहोस् भन्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

**परिवर्तन सञ्चार मञ्च**
काठमाडौं
E-mail : pmediaforum@gmail.com

**युग परिवर्तन साप्ताहिक**
काठमाडौं
E-mail : yugaparivartan@gmail.com

Web : www.parivartan.com.np